**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, मुद्रण सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**पाठ्यक्रमको रुपरेखा** :– यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :

**प्रथम चरण :–** लिखित परीक्षा पूर्णाङ्क :– १००

**द्वितीय चरण :–** (क) प्रयोगात्मक पूर्णाङ्क :– २५

(ख) अन्तर्वार्ता पूर्णाङ्क :– २०

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरण (First Phase) :- लिखित परीक्षा**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सेवा सम्बन्धी (Service related) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | ५० प्रश्न x २ अङ्क | ४५ मिनेट |

**२. द्वितीय चरण (Second Phase) :- प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता**

| विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|
| (क) प्रयोगात्मक परीक्षा | २५ | १२.५ | प्रयोगात्मक | ५ प्रश्न x ५ अङ्क | १ घण्टा |
| (ख) अन्तर्वार्ता | २० | | | | |

**द्रष्टव्य :**

१. यो पाठ्यक्रम योजनालाई प्रथम चरण (लिखित परीक्षा ) तथा द्वितीय चरण (प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता) गरी दुई भागमा विभाजन गरिएको छ ।
२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।
३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।
४. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।
५. परीक्षामा सोधिने प्रश्न संख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ ।
६. यस पाठ्यक्रम योजना अन्तर्गतकापत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।
७. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।
८. प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता यथासम्भव एकै दिन लिइनेछ । प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरूको मात्र लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको कुल अङ्कको योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।
९. उल्लिखित परीक्षा योजना लागू भएपछि यो भन्दा अगाडिको परीक्षा योजना खारेज हुनेछ ।
१०. पाठ्यक्रम लागू मिति : - **आ.व. २०७७-७८ मा प्रकाशित विज्ञापन देखि लागू ।**

**१. मुद्रणको परिचय र इतिहास** **१० अंक**

१.१ नेपालमा छापाखानाको इतिहास तथा विकासक्रम

१.२ नेपालमा प्रकाशन सम्बन्धी नीति तथा मापदण्डहरु

१.३ मुद्रण प्रविधिहरु सम्बन्धी ज्ञान

१.३.१ टाइप तथा फर्मा सेटिङ्ग

१.३.२ लेटरप्रेस, अफसेट प्रेस, फ्लेक्सो, ग्राभियर, स्क्रीन प्रिन्टिङ र डिजिटल प्रेस

१.४ मुद्रण कार्यका लागि आवश्यक सामग्रीको ज्ञान

१.५ मुद्रण कार्यमा जनशक्तिको वृत्ति विकासको महत्व

१.६ सुरक्षण मुद्रण सम्बन्धी ज्ञान

**२. प्रि-प्रेस (Pre-press) सम्बन्धी ज्ञान** **२० अंक**

२.१ कम्प्युटर सम्बन्धी ज्ञान

२.१.१ कम्प्युटरको परिचय, प्रकार र यसको महत्व

२.१.२ ले-आउट (Lay out), डिजाइन, पेजसेटिङ्ग, गुरुकपी (Print ready copy) तयारी

२.१.३ कम्प्युटर प्रोग्रामिङ्ग, इन्टरनेट, टेलिफोन र ईमेलको प्रयोग

२.१.४ मुद्रण कार्यमा कम्प्युटरको प्रयोग

२.२ लागत अनुमान तथा सामग्रीको व्यवस्थापन सम्बन्धी ज्ञान

२.३ प्लेट मेकिङ्ग (Plate making) सम्बन्धी ज्ञान

२.३.१ सामग्रीको पहिचान तथा स्ट्रिपिङ्ग(Stripping)

२.३.२ बिभिन्न किसिमका प्लेटहरु एक्सपोजिङ्ग तथा डेभलपिङ्ग

२.३.३ सि.टि.पि (CTP) मेशिन सञ्चालन

२.३.४ प्लेटको सुरक्षा तथा व्यबस्थापन

२.४ प्रुफरिडिङ्गको आवश्यकता, प्रकार तथा यसका प्रमुख चिन्हहरुको प्रयोग सम्बन्धी ज्ञान

**३. प्रेस (Press) सम्बन्धी कार्यको ज्ञान** **२० अंक**

३.१ विभिन्न किसिमका छपाई प्रविधिको ज्ञान

३.२ छपाई मेशिन सञ्चालन सम्बन्धी ज्ञान

३.३ बहुरङ्गी छपाई सम्बन्धी सामान्य ज्ञान

३.४ छपाई मेशिनको सरसफाई, लुब्रिकेटिङ्ग र मर्मत

३.५ छपाई मेशिनमा प्रयोग हुने सामग्रीको प्रयोग सम्बन्धी ज्ञान तथा सर्तकता

३.६ मुद्रित सामग्रीको व्यवस्थापन

**४. पोष्ट प्रेस (Post press) सम्बन्धी कार्यहरु** **२० अंक**

४.१ फिनिसिंङ्ग कार्यको महत्व र विधिहरु

४.२ बाईन्डिङ्ग मेशिनहरुको लुब्रिकेटिङ्ग, सरसफाइ, पूर्वतयारि तथा सञ्चालन सम्बन्धी ज्ञान

४.३ फर्मा फोल्डिङ्ग, ग्यादरिङ्ग, स्टिचिङ्ग, कभरिङ्ग र ट्रिमिङ्ग (Trimming) सम्बन्धी ज्ञान

४.४ पुस्तक सिलाई, लेमिनेशन र हार्ड कभर सम्बन्धी ज्ञान

४.५ छपाई सामग्रीको प्याकिङ्ग, भण्डारण र गोदामघर सम्बन्धी ज्ञान

४.६ बाइन्डिङ्ग कार्यमा प्रयोग हुने सामग्रीहरुको ज्ञान

**५. कागज, मसी तथा केमिकल सम्बन्धी ज्ञान** **१० अंक**

५.१ विभिन्न प्रकारका कागजको साइज, बिशेषता, ग्रामेज मापन

५.२ छपाईमा प्रयोग हुने मसीका प्रकार, बिशेषता, कलर संयोजन

५.३ अरेविक गम, फाउटेन सोलुसन, प्लेट क्लिनर र रोलर वासरको प्रयोग सम्बन्धी ज्ञान

५.४ कागज तथा मसीको भण्डारण र प्रयोग

५.५ छपाइको कागज कटिङ्ग गर्ने सम्बन्धी ज्ञान

५.६ कभर लगाइ तयार गरिएको किताब ट्रिमिङ्ग गर्ने सम्बन्धी ज्ञान

५.७ हार्ड कभर वाइण्डिङ्ग गर्ने सम्बन्धी ज्ञान

**६. विविध** **२० अंक**

६.१ मेशिन तथा कार्यस्थलको व्यवस्थापन

६.२ आचरण तथा दैनिक कार्य सञ्चालन

६.३ मुद्रण कार्यमा प्रयोग हुने शब्दावलीहरुको ज्ञान

६.४ छापाखाना सम्बन्धी ऐन तथा नियम सम्बन्धी ज्ञान

६.५ सञ्चार समन्वय सम्बन्धी सामान्य ज्ञान

६.६ निजामती सेवा ऐन (परिच्छेद-१,२,३,७) तथा नियमावली (परिच्छेद-९) सम्बन्धी सामान्य ज्ञान

६.७ प्रतिलिपि अधिकार ऐन सम्बन्धी जानकारी

६.८ सूचनाको हक सम्बन्धी ज्ञान

६.९ नेपालको संबिधान सम्बन्धी सामान्य जानकारी

--------------------

**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, मुद्रण सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

**नमूना प्रश्नहरु**

१. नेपालमा प्रेसको शुरुवात कुन प्रधानमन्त्रीको पालामा भएको थियो ?

A. जङ्गबहादुर    B. चन्द्र शमशेर

C. देव शमशेर    D. मात्रिका प्रसाद कोइराला

**उत्तर (A) जङ्गबहादुर**

२.कम्प्युटरको प्रयोग नभइकन सञ्चालन गर्न सकिने प्रेस कुन हो?

A. डिजिटल प्रेस    B. अफसेट प्रेस

C. वेभ प्रेस    D. लेटर प्रेस

**उत्तर (D) लेटर प्रेस**

३. सिंगल कलर अफसेट प्रेसमा कतिवटा सेक्सन हुन्छ?

A. ५    B. ४

C. ३    D. २

**उत्तर (C) ३**

४.पि.एस. प्लेट भनेको कस्तो प्लेट हो ?

A. Post script plate    B. Pre-sensitized plate

C. Pre separated plate    D. Paretial sensitized plate

**उत्तर (B)** Pre-sensitized plate

## प्रयोगात्मक परीक्षाको लागि नमूना प्रश्नहरु

(१) दिइएको पुस्तकको लागत अनुमान निकाल्नुहोस ।

(२) सि.टि.पि. मेसिन सञ्चालन गरि प्लेट एक्सपोज गर्नुहोस ।

(३) प्रेस मेशिनमा पेपर लोड, प्लेट फिट तथा मसी राखि छपाई गर्नुहोस ।

(४) फर्मा फोल्डिङ्ग, ग्यादरिङ्ग र स्टिचिङ्ग गरी पुस्तक तयार गर्नुहोस ।

(५) कटिङ्ग मेसिनमा पेपर राखी कटिङ्ग  गर्नुहोस ।